# खोटेहाङ गाउँपालिका, खोटाङ

# गाउँसभाको पन्ध्रौं अधिवेशन

## आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

अध्यक्ष श्री उदिम बहादुर राई

२०८१ असार १० गते

**गाउँसभाको पन्ध्रौं अधिवेशनका उपाध्यक्षज्यू,**

**गाउँसभा सचिवज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

खोटेहाङ गाउँपालिकाको सर्वाङ्गीण विकास, दिगो शान्ति, समृद्दि र समतामूलक समाज निर्माणको आकांक्षा पूरा गर्ने संकल्प सहित गाउँसभाको पन्ध्रौं अधिवेशनको वैठकमा आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरव महशुस गरिरहको छु । यस वैठकमा उपस्थित सम्पूर्णमा म सहृदय स्वागत र अभिवादन गर्न चाहान्छु ।

यस गरिमामय क्षणमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रियता, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि इतिहासका विभिन्न कालखण्डहरुमा भएका गौरवपूर्ण संघर्ष तथा आन्दोलनमा जीवन आहुती गर्नुहुने सम्पूर्ण वीर शहिदहरुप्रति श्रद्दा सुमन अर्पण गर्न चाहान्छु । सशस्त्र संघर्ष तथा जन आन्दोलनका घाईते, वेपत्ता नागरिक एवं द्वन्दपिडितहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु ।

स्थानीय तहको दोस्रो निर्वाचनमा खोटेहाङ गाउँपालिकाको भाग्य र भविष्य निर्माणका लागि हामीलाई विश्वास गरेर आफ्नो अमूल्य

मत दिई निर्वाचित गराईदिनु हुने सम्पूर्ण नागरिकहरु प्रति सम्मान आभार व्यक्त गर्न चाहान्छु । यसै सभा मार्फत खोटेहाङ गाउँपालिकाको समावेशी स्वावलम्बी समृद्द खोटेहाङको सपना साकार पार्न हरतरहले प्रयत्नरत रहने प्रतिवद्दता समेत व्यक्त गर्न चाहान्छु र यस प्रयत्नमा खोटेहाङ गाउँपालिकावासी सवै सरोकारवालाहरुले रचनात्मक सहयोग गर्नुहुनेछ भन्ने विश्वास र अपेक्षा गर्न चाहान्छु।

खोटेहाङ गाउँपालिकासंग सम्भावनाहरुको प्रचुरता छ। हामीसंग प्रसस्त उर्वर भूमी छन। सिँचाईका लागि उपयुक्त खेलाहरु र नदिनालाहरु छन। पर्यटकीय सम्भावनायुक्त प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक सम्पदाहरु छन। जाँगरिला र उर्जावान यथेष्ट मानवपूँजी छ। घना, सुन्दर र उपयोगी वनजंगल, सैयौं प्रकारका जडिवुटी, स्थानीय सिप र उत्पादन हामीसंग छ । सवैभन्दा महत्वपूर्ण कुरा हामीसंग गाउँपालिकाको सुनौलो भविष्यको साझा संकल्प छ र यहाहरुको अमूल्य साथ छ।

तर हामीमाझ थुप्रै चुनौतीहरु पनि छन। सिमित स्रोत साधनको समुचित प्रयोगवाट अथाह स्थानीय आवश्यकता र जन अपेक्षालाई हामीले पुरा गर्नु पर्नेछ । जनताका अनगिन्ती चाहानाहरु प्रत्यक्ष

रुपमा स्थानीय तहसंग जोडिएका हुन्छन, हरेक आवश्यकता र चाहानाहरुको समयानुकुल सम्बोधन हामीले गर्नुपर्नेछ । हामीले विकास र समृद्दिको अभियानमा अपेक्षित जनसहभागीता सुनिश्चित गर्नुपर्नेछ । विकासको दिगोपना, गुणस्तरीयता, जनजिविका, समता र सहभागीतासंगको सन्तुलन कायम गर्नुपर्नेछ । सवल र स्वावलम्वी अर्थतन्त्रको निर्माण गर्दै स्वस्थ, सभ्य, मर्यादित एवं दक्ष मानवपूँजि सहितको समाज निर्माण गर्नुपर्नेछ । र विकासका सवै क्षेत्र-उपक्षेत्रहरुको सन्तुलित र तीव्र विकास गर्नुपर्नेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

उल्लिखित सम्भावना, चुनौती, हाम्रा साझा संकल्प र प्रतिवद्दताहरुलाई मध्येनजर गर्दै, विषयगत समितिहरुको सुझाव, सरोकारवालाहरुको सुझाव, गाउँकार्यपालिकाका निर्णयहरु, विगतका असल अभ्यास लगायतका विषयहरुलाई ग्रहण गर्दै अव म आगामी आर्थिक वर्ष २०८१/८२को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

# क. आर्थिक विकास क्षेत्र

## • कृषि तथा पशु

- गाउँपालिकाको आवधिक योजनालाई आधार बनाई कृषि क्षेत्रको कार्यक्रमहरुलाई एकरुपता ल्याउनको लागि एकीकृत कृषि नीति बनाई लागु गरिनेछ।
- पशुपन्छी क्षेत्रमा बङ्गुर/बाख्रा/माछा पालन व्यवसायलाई प्राथमिकतामा राखि कार्यक्रम अघाडी बढाईनेछ।
- आधारभुत पशु स्वास्थ्य उपचारको लागि नियमित औषधीको व्यबस्थापन तथा घुम्ति शिविर सञ्चालन गरिनेछ।
- ठुला किसिमका पशुहरुलाई बाह्या परिजिवि नियन्त्रण तथा उपचारका गर्नका लागि ट्रेभिज निर्माणका साथै डिपिङ ट्याङकको व्यवस्था गरिनेछ।
- नश्लसुधारका लागि कृत्रिम गर्भधारण कार्यक्रम संगै उन्नत बहुबर्षीय डाले तथा भूई घाँसको आवाश्यक व्यवस्थापन गरिनेछ।
- कृषि तथा पशु पालन सम्बन्धी आधुनिक प्रविधि बारे पालिका भरिका माध्यमिक विद्यालयहरुमा जनचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ।
- कृषकहरुले उत्पादन गरेको दुध विक्री वितरण गर्न र दुध उत्पादकलाई प्रोत्साहन गर्न दुध संकलन केन्द्र/डेरी व्यबस्थापन गरिनेछ।

- खेतियोग्य तथा बाँझो जमिनको उपयोगका लागी उपयुक्त कृषि सम्बन्धि कार्य सञ्चालन गरिनेछ।
- कृषि क्षेत्रलाई समयानुकुल आधुनिकिकरण यान्त्रीकरण र प्रविधिमैत्री वनाउन नविनतम प्रविधि मेशिन,यन्त्र र कृषि औजारको व्यवस्था गरिनेछ।
- संकलन केन्द्र तथा वितरण केन्द्र, बिकृ तथा कोशेली घरको लागी पहल गरिनेछ।
- आत्मनिर्भर कृषिका लागी सामुहिक खेति,पकेट, सहकारितामा आधारित कृषिको अवधारणा कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिनेछ।
- कृषकलाई प्रारङरिक मल उत्पादनमा आकार्षित गर्दै रैथाने वाली उत्पादन र संरक्षणमा लाग्न प्रोत्साहन गरिनेछ।
- पालिका भरिको माटो परिक्षण गरि सोको आधारमा चिया खेती, कफी खेती लगाई माटो सुहाउदो वालि उत्पादनमा जोड दिईनेछ।
- कृषि प्रशोधन कार्यक्रम संचालन गरिनेछ।
- खोटेहाङ गाउँपालिकाको ८०० देखि १४०० मीटरसम्मको उचाईमा "एकघरको लागी ५० बोट कफी" कार्यक्रम सञ्चालन गरि करिब २ सय घरधुरीमा १० हजार कफीको बिरुवा लगाउने अवधारणा ल्याईनेछ। ।
- MSP ( न्यूनतम् समर्थन मूल्य) निर्धारण गरिनेछ।

- plant clinic को व्यवस्था गर्नुको साथै आई.पि.एम. एकिकृत रोग किरा नियन्त्रण सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ।
- मौरीपालन विस्तार तथा व्यावसायिक बजारिकरणको ब्यवस्था मिलाईनेछ।

## पर्यटन

- पदमार्गहरुको पहिचान तथा ब्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- कपासे भन्ज्याङ पार्क,सोल ढुङ्गा सानो हलेशी, ईन्द्राणीपोखरी लगाएतका ऐतिहासिक महत्वका पर्यटकीय तथा साँस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण तथा प्रवर्धनलाई निरन्तरता दिईनेछ ।
- पर्यटकीय क्षेत्र तथा साँस्कृतिक महत्वका क्षेत्रहरुको प्रचार प्रसार गरिनेछ ।
- सांस्कृति र जातीय धार्मीक विविधतालाई पर्यटनसगँ जोडदै पालिका भित्र रहेका सम्पूर्ण पर्यटकीय र सांस्कृतिक महत्वका क्षेत्रहरुको प्रचार प्रसार गरिनेछ।

## . उद्योग तथा उद्यमशीलता प्रवर्द्धन

. स्थानीय सामाग्रीको प्रयोग गरि ढाका बुनाई, दुना टपरी बुन्ने र कोशेली घरको व्यवस्था गरिनेछ।

## . सहकारी

. सहकारी मैत्री नीति,ऐन,नियम तथा कार्यविधिहरु र अन्तरसम्बन्धित कानूनहरु तर्जुमा एवं परिमार्जन,नियमन,अनुगमन,निरिक्षण,पृष्ठपोषण लगाएतका सुशासन प्रवर्द्धनका कार्यक्रमहरु संन्चालन गरिनेछ।

. रोजगारी सृजना/उद्यमशीलता प्रवर्द्धन, वजारिकरण तथा व्यवसायिकरण लगायतका रचनात्मक कार्यक्रम सञ्चालनमा पालिका र सहकारी संस्थाहरुसगँ सहकार्य तथा संयुक्त लगानीको व्यवस्था गरिनेछ।

. सहकारी तथा गैह्र सरकारी संस्थासंगको सहकार्यमा टोल स्तरमा वित्तिय साक्षरता कक्षा सञ्चालन गरिनेछ ।

## . रोजगार कार्यक्रम

- सबै बेरोजगार जन शक्तिको योग्यता क्षमता र सिपसमेत उल्लेख हुने गरी तथ्याङ्क अध्यावधिक गरिनेछ।

- उत्पादनशिल रोजगारीको माध्यमबाट श्रम बजारमा प्रवेश गर्न योग्य जनशक्तिलाई लक्षित गरी सिपमुलक र व्यवसायिक तालीम कार्यक्रम संन्चालन गरिनेछ।
- रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुको माध्यमबाट बाझो जमिनको पहिचान गरि कृषि र उत्पादन मुलक क्षेत्रमा रोजगारि प्रदान गरि उत्पादनलाइ बढवा दिइनेछ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको लागि पुनःश्रम स्वीकृतिको कार्यलाई प्रभाकारी तरीकाले कार्यान्वयन गरिनेछ। वैदेशिक रोजगारबाट फर्केका नागरिकहरुले आर्जन गरेको अनुभव ,सीप र पुँजी लगानी गरी उत्पादन र स्वरोजगार क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुका साथै व्यवसाय संन्चालनका लागी सहुलियत पुर्ण कर्जा प्रर्वाह गर्न वित्तिय क्षेत्रसँग समन्वयकारी भुमिका मिलाईनेछ।

## ख. पूर्वाधार विकास

- सडक आयोजनाहरुमा जनसहभागिता र जनश्रमदानलाई व्यवस्थित गर्न उपभोक्ता समितिबाट नाली सोलिङ तथा अन्य आवाश्यक कार्य अनिवार्य गरिनेछ।

- पालिकाको गौरवको आयोजनाको रुपमा रहेको रसुवा पाँचधारे सडक निर्माणको लागि प्रदेश सरकार समक्ष आवाश्यक समन्वय गरिनेछ।
- पालिकाको गौरवको आयोजनाको रुपमा रहेको खोटाङ पामाखाम सडकको कालोपत्रे गर्ने कार्यको थालनि गरिनेछ।
- पालिकाका गौरवका आयोजनाहरुलाई तत्काल आवाश्यक बजेट छुट्ट्याई तिव्र रुपमा कार्य अघाडि बढाईनेछ।
- चिस्यान केन्द्र यही आ.व.मा कार्य सम्पन्न हुनेगरी आवाश्यक व्यवस्था मिलाईनेछ।
- सडकको क्षेत्राधिकार कायम गारि व्यवस्थित सडक आयोजनाहरु संचालन गरिनेछ।
- अन्तरपालिका जोडने महत्वपूर्ण सडक तथा पुलहरुको स्तरोन्नतिको लागि अन्तरपालिका संग समन्यवन गरि आवश्यक बजेटको सुनिश्चिता गरिनेछ।
- तराई, जिल्ला सदरमुकाम र राजधानी सगँ जोडिएको सडकहरुलाई बार्है महिना संन्चालन गर्ने व्यवस्था मिलाईनेछ।

# ग. सामाजिक विकास क्षेत्र

## . खानेपानी तथा सरसफाई

- खानेपानीको अभाव भएका क्षेत्रमा खानेपानी आयोजना सञ्चालनलाई व्यवस्थित गरि एक घर एक धारालाई पहिलो प्राथमिकता दिई आयोजना सञ्चालनका गरिनेछ ।
- खानेपानी योजना सञ्चालन गर्न प्रत्येक खानेपानीका मुलहरुको पूर्व मञ्जुरी तथा मुहान दर्ताको कार्य अघि बढाईनेछ ।
- खानेपानी उपभोक्ता समितिहरुको लगत राखि मुहान र सञ्चालित आयोजनाप्रतिको अपनत्व अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।।
- मुहान संरक्षण, सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईट पहिचान/सिमाङ्कन तथा अभिलेखिकरण गरिनेछ
- हरेक सार्वजनिक क्षेत्रमा शिशाजन्य/प्लास्टिकजन्य/सड्ने फोहोरहरु संकलन गर्न डस्टविनको व्यवस्था गरिनेछ तथा हरेक घरमा फोहोर संकलन गरिनेछ साथै टोकरी राख्न प्रोत्साहन गरिनेछ ।

## . शिक्षा

- परीक्षा प्रणालीमा एकरुपता र विश्वसनियता बढाउन पालिकास्तरीय परीक्षा संचालन र व्यवस्थापन समिति गठन गरी अघि बढाईनेछ।
- शिक्षा क्षेत्रमा प्रदान गर्दे आईरहेको पुरुस्कार र दण्ड व्यवस्थालाई निरन्तरता दिइनेछ।
- विद्यार्थी लक्षित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- विद्यालय निरिक्षण र सूपरिवेक्षणलाई अझ प्रभावकारी बनाउदै शिक्षाको गुणस्तर अभिवृदी गर्न कार्यविधि बनाई निरिक्षण कार्यलाई प्रभावकारी बनाईनेछ।
- माध्यमिक विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षक मार्फत कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई कोचिङ र छात्रावास सहितको कक्षा संचालन गरिनेछ ।
- सिकाई उपलव्धी र कार्यसम्पादनका आधारमा विद्यालयहरु लाई विशेष प्रोत्साहन गर्ने निति लिइनेछ ।
- दश बर्षे शैक्षिक योजना निर्माण तयार गरिनेछ।
- खोटेहाङ गाउँपालिका बाट सेवा सुविधा लिने जनप्रतिनिधी र कर्मचारीहरुका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमा पठन पाठनको कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- S.E.E. परिक्षालाई मर्याधित, भयरहित र श्वच्छ वातावरणमा सन्चालन गर्न सहजिकरण गरिनेछ।

- सामुदायिक विद्यालयको शिक्षकहरुलाई वडा स्तरिय गुणस्तर शिक्षण सिकाई सम्बन्धि अभिमुखिकरण तथा अन्तरकृया कार्यक्रम संन्चालन गरिनेछ।
- गाउँपालिका स्तरिय खेलकुद समिति गठन गरिएको छ।
- अध्यक्ष उपाध्यक्ष शैक्षिक सुधार कार्यक्रम अन्तर्गत SEE को शैक्षिक उपलब्धी हासिल गर्न छात्राबास कार्यक्रम संन्चालन गरिनेछ।

## स्वास्थ्य

- आधारभुत स्वास्थ्य सेवालाई सुनिश्चित र ब्यवस्थित गर्दै नेपाल सरकारबाट निःशुल्क रुपमा वितरण गरिने औषधि तथा सर्जिकल सामाग्रिको आवश्यक ब्यवस्था मिलाईने छ ।
- सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाउन बर्थिङ सेन्टरमा कार्यरत सबै नर्सिङ कर्मचारीहरुलाई SBA तालिमको ब्यवस्था मिलाईने छ।
- सुत्केरी आमा तथा नवजात शिशुको पोषण अवस्थालाई सुधार गर्न सुत्केरी स्याहार भत्ताको निरन्तरतादिईने छ ।
- पूर्णखोप दिगोपनालाई सुनिश्चित गरिने छ ।

- नसर्ने रोगको प्रकोप बढिरहेको अवस्थामा नसर्ने रोगका बिरामीहरुको परीक्षण शिविर गरि रोकथाम, नियन्त्रण, उपचारका कार्यक्रमलाई जोड दिईने छ ।
- स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयं सेविकाहरुले पुर्याएको योगदानको उच्च कदर गर्दै प्रोत्साहनलाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य चौकीहरुलाई थप व्यवस्थित गर्न मेशिनरी औजार उपकरण तथा फर्निचर को ब्यवस्था गरिने छ ।
- आधारभुत अस्पताल ईन्द्राणीपोखरीलाई थप प्रभावकारि पार्न सर्जिकल सामान मेशिनरी औजार र विधुतिय सामान लगाएत थप कर्मचारीहरुको व्यवस्था मिलाईनेछ।
- विपन्न नागरिक वा दिर्ध रोगीहरुलाई विशेषज्ञ डाक्टर मार्फत वा सुविधा सम्पन्न अस्पतालमा स्वास्थ्य शिविर संन्चालन गरिनेछ।
- पालिका भित्रका प्रजनन् तथा यौन रोगको समस्या भएका महिलाहरुका लागि संघ संस्थाहरु संगको समन्वयमा विशेषज्ञ डा. ल्याई स्वास्थ्य परिक्षण शिविर संचालनमा जोड दिईने छ ।
- सामुदायिक स्वास्थ्य ईकाइबाट सहज रुपमा सेवा प्रदान गर्न भवन निर्माण कार्यको थालनी गरिने छ।

## . संस्कृति प्रवर्द्धन

- हरेक साँस्कृतिक समुदायहरुको संस्कृति संरक्षण समूह निर्माण गरि आवश्यक प्रोत्साहन गरिनेछ ।

## . महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

. महिलाहरुको सामाजिक आर्थिक राजनितिक एवम साँस्कृतिक पक्षहरुमा अधिकतम

सहभागिता बढाउनका साथै महिला सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्न टोल तथा वडास्तरमा गठन भएका आमासमुह महिला समूह समतिहरुलाई गाउँपालिकामा दर्ता तथा सुचिकृत गरि गाउँपालिका स्तरीय महिला संजाल गठन गरि महिलाको क्षमता विकास तथा नेतृत्व विकास सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।

. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- एकल तथा विपन्न महिला पहिचान गरि सिपविकास तथा रोजगारमुलक कार्यक्रम संचालन गरिनेछ ।

- सबै वडामा बाल क्लब तथा पालिका स्तरीय बाल संजाल गठन तथा सुचिकृत गरी बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरु तय गरिनेछ।
- बालमैत्री स्थानीय शासन सम्बन्धि सरोकारबाला व्यक्तित्वहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।
- ज्येष्ठ नागरिकहरुको ज्ञान, सिप र अनुभव आदानप्रदान गर्नका लागि वडा स्तरीय ज्येष्ठ नागरिक सम्मान तथा अनुभव आदानप्रदान कार्यक्रम संचालन गरिनेछ ।
- खोटेहाङ गाउँपालिका,सामाजिक विकास मन्त्रालय कोशी प्रदेश र करुणा फाउन्डेसन नेपालको त्रिपक्षिय लागत साझेदारीमा संचालन भैरहेको अपाङ्गता रोकथाम तथापुन:स्थापना कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- पंजिकरण शाखा
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा थप सहजता ल्याउन भत्ता वितरण शिविर सञ्चालनलाई निरन्तरता दिईनेछ।
- समयमै व्यक्तिगत घटना दर्ता गर्ने कार्यको लागि विद्यालय तहमा विद्यार्थी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- राष्ट्रिय परिचयपत्रको दर्ता स्थलसम्म जान नसक्ने ९० वर्ष भन्दा माथीका र पूर्ण अपाङ्गता भएका लाभग्राहिहरुलाई सकेसम्म वडा

कार्यालयमै परिचयपत्रको विवरण दर्ता गर्ने व्यवस्था मिलाईनेछ यसको लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग र इलाका प्रशासन कार्यालय खोटाङवजार सँग आवश्यक समन्वय गरिनेछ ।

- संघीय सरकारको नीति अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने १६ बर्ष माथिका लाभग्राहीहरुलाई राष्ट्रिय परिचयपत्रमा आवद्द गर्न बायोमेट्रिक भेरिफिकेसन कार्यक्रम सञ्चालन गरि लागु गरिनेछ ।

## घ. सुशासन तथा संस्थागत विकास क्षेत्र

- संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M ) गरी कार्यदल दर्ताको कार्यलाई तत्काल अघि बढाई दरवन्दी वमोजिमको पदपूर्ति प्रक्रीया अगाढी बढाईनेछ।
- सेवाग्राहीहरुलाई थप सहज तरिकाबाट सेवा प्रदान गर्नका लागि प्रतिक्षालयको थप व्यवस्थापन तथा मर्मत संम्भार गरिनेछ।
- पालिकाको सम्पूर्ण काम कारबाही यथासक्य विधुतिय माध्यमको व्यवस्था गरि छिटो छरितो र प्रभावकारी व्यवस्था गरिनेछ।
- प्रविधिमैत्री सेवा प्रवाहको लागि ईन्टरनेटको प्रभावकारी व्यवस्थापन मिलाईनेछ।
- चमेना गृह तथा क्यान्टिनको व्यवस्था लागु गरिनेछ ।

## ङ. वन वातावरण तथा विपद् व्यवस्थापन

- वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी आवश्यक दिर्घकालिन नीति तयार गरिनेछ ।
- वन डडेलोको संम्भावित जोखिम बाट वच्नको लागि वन डडेलो नियन्त्रण गर्न सामुदायिक वन सगँ समन्वय गरि अग्नी नियन्त्रण रेखाहरु निर्माण गरिनेछ।
- गाउँपालिकाको प्राकृतिक विपद क्षेत्र नक्सांकनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- स्थानीय स्तरमा सम्भावित विपदका अन्य घटनाहरुको पूर्वानुमान गरि अवश्यकता अनुसार रोकथाम, पूर्वतयारी प्रतिकार्य गर्ने साथै सो संग सम्बन्धित सचेतनाका कार्यक्रम प्रचार प्रसार र सतर्कताका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- मनसुनको समयमा जोखिम क्षेत्रमा रहेका नागरिकहरुलाई सुरक्षा सम्बन्धी विभिन्न कार्यक्रमहरु संन्चालन गरिनेछ।
- नदीजन्य प्रकोपलाई नियन्त्रण र वालिनालि जोगाउनका लागि सम्भावित क्षेत्रहरुमा संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरि भूक्षयलाई कम गर्नका लागि तटबन्द निर्माण गर्नुको साथै वृक्षारोपण कार्य गरिनेछ ।

- विपदमा परेका व्यक्तिहरुको लगत संकलन गरि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा सब बाहनको व्यवस्था गरिनेछ ।
- खोटेहाङ गाउँपालिका वडा नं. ६ ईन्द्राणीपोखरी वडा नं.७ खोटाङ बजार र वडा नं. ८ सिम्पानी बजारमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

अन्त्यमा, खोटेहाङवासी नागरिकको परिवर्तनको अपेक्षालाई सम्मान गर्दै खोटेहाङ गाउँपालिकाको आर्थिक, समाजिक, राजनीतिक तथा सबै आयामहरुको आमूल परिवर्तनका खातिर आर्थिक वर्ष २०८१/०८२ लाई फलदायी र परिणाममूखी बनाउने प्रयास स्वरुप उल्लिखित नीतिहरुलाई अवलम्बन गरेका छौं । मलाई विश्वास छ हामीले अवलम्बन गरेका नीति र तय गरेका कार्यक्रमहरुले कुनै न कुनै हदसम्म हामीलाई प्राप्त जनादेशलाई सम्बोधन गर्नेछ ।यद्यपी नीति र कार्यक्रम तब परिणाममूखी हुन्छन् जब तीनिहरुको कार्यान्वयन हुन्छ । अन्यथा ती कागजमा सिमित हुन्छन् । प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न र परिणाममूखी बनाउन यहाँहरु सबैको एक्यवद्धता र सहयोगको

अपरिहार्यता छ । मलाई विश्वास छ हामीले नागरिकहरुका सामु गरेका प्रतिवद्धता र नागरिकहरुको अपेक्षा पूर्णरुपमा साकार पार्न यहाँहरु सम्पूर्णको सदैव साथ, सहयोग र रचनात्मक भूमिका हुनेछ ।

धन्यवाद ।

उदिम बहादुर राई

गाउँसभा अध्यक्ष